# लहान नगरपालिका कार्यालय

**लहान, सिरहा**

# शिलबन्दी वोलपत्र/दरभाउपत्र आह्वान सूचना

**सूचना नं.- ०१**

**(प्रथम पटक प्रकाशित मितिः- २०७३/११/१७)**

चालु आ.व.२०७३/०७४ मा सडक बोर्ड, नेपाल र लहान नगरपालिकाको संयुक्त लगानीमा यस न.पा. अन्तरगत तपसिल बमोजिमका **सडक मर्मत कार्यहरु** ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण सम्वन्धी कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलवन्दी **वोलपत्र/**दरभाउपत्र आह्वान गरिन्छ ।

**निम्न :-**

०१. **वोलपत्र/**दरभाउपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७३/०७४ कालागि नविकरण भएको इजाजत-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर (पान) प्रमाण पत्र र प्रधान कार्यालय रहेको स्थानीय निकायबाट वा यस न.पा.बाट प्राप्त पटके व्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले वोलपत्रको हकमा ३०औं दिन तथा दरभाउपत्रको हकमा १५ औं दिनसम्म तपसिलमा उल्लेख भएबमोजिम **वोलपत्र/** दरभाउपत्र फारम दस्तुर (**पछि फिर्ता नहुने गरी**) तिरी कार्यालय समयभित्र यस कार्यालयको **शहरी विकास शाखा**बाट **वोलपत्र/**दरभाउपत्र सम्वन्धि कागजात (Bid Document) खरिद गर्न सकिनेछ ।

०२. **वोलपत्र/**दरभाउपत्र सम्वन्धि कागजात खरिद गर्ने निर्माण व्यवसायीको तर्फबाट प्रोप्राइटर स्वयं उपस्थित हुन नसकेमा रीत्तपूर्वकको अख्तियारी पेश गरेमा मात्र **वोलपत्र/**दरभाउपत्र खरिद गर्न सकिनेछ तर अख्तियारी एक व्यक्ति एक निर्माण व्यवसायीको लागि मात्र मान्य हुनेछ । त्यस्तो अख्तियारी औचित्य हेरी जुनसुकै समयमा कार्यालयले रद्द गर्न सकिनेछ ।

०३. खरिद गरिएका **वोलपत्र/**दरभाउपत्र सम्वन्धि कागजातमा उल्लेख भएका सवै विवरणहरु अध्ययन गरी निर्माण ब्यवसायीले प्रत्येक पानामा सही-छाप गरी, शिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको नाम प्रष्टसंग लेखी वोलपत्रको हकमा ३१ औं दिन तथा दरभाउपत्रको हकमा १६ औं दिन दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएका **वोलपत्र/**दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे न.पा. कार्यालयमा उपस्थित **वोलपत्र/** दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा **वोलपत्र/**दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रीत्तपूर्वकको **वोलपत्र/**दरभाउपत्रहरु खोलिने कार्यमा वाधा पर्नेछैन । **वोलपत्र/**दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको  दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलवन्दी **वोलपत्र/**दरभाउपत्रसाथ तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको **चल्ती हि.नं. ०३६०३०००००००३००००१** धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (**बोलपत्र खोलेको मितिले कम्तीमा १२० दिन तथा दरभाउपत्र खोलेको मितिले कम्तिमा ७५ दिन म्याद भएको**) पेश गर्नुपर्नेछ । कुनै फाइनेन्स प्रा.लि.बाट जारी भएको बिडवण्ड मान्य हुनेछैन ।

०५. **वोलपत्र/**दरभाउपत्र स्वीकृत भएपछि ठेक्क अंकको पांच प्रतिशतले हुन आउने रकम यस न.पा. कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बरावरको कम्तिमा १ (एक) वर्षका लागि मान्य हुने  कार्य  सम्पादन जमानीपत्र (Performance Bond) पेश गर्नु पर्नेछ ।

०६. सार्वजनिक खरिद नियमावली, २०६४ तथा (स्थानीय निकाय) आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम सवैभन्दा न्यूनतम कवोल गर्ने सारभूतरुपमा प्रभावग्राही **वोलपत्र/**दरभाउपत्रपत्रदाताले ल.ई. अंकको वा कुनै पनि आईटममा अत्यधिक मात्रामा घटि बोल कबोल सकार गरेमा थप ८ (आठ) प्रतिशत धरौटी लिई सम्झौता गरिनेछ ।

०७. **वोलपत्र/**दरभाउपत्र फारममा भ्याट (VAT) वाहेकको दररेटहरु, अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ । कवोल अंक निकाल्दा दर र परिमाणको गुणनफल कायम गर्दा दशमलव पछिको दुई अंकलाई मान्यता दिइनेछ ।

०८. **वोलपत्र/**दरभाउपत्र शर्तरहित साथै यस कार्यालयले उपलब्ध गराएको **वोलपत्र/**दरभाउपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । त्यसरी लेखी आएमा सोलाई मान्यता दिईनेछैन । **वोलपत्र/**दरभाउपत्र दर्ता गर्ने निर्माण व्यवसायीहरुले

सम्पन्न गर्नुपर्ने कामको विवरण,  निर्माण स्थल, भौगोलिक अवस्था आदी सवै पक्षमा राम्रोसंग वुझी **वोलपत्र/**दरभाउपत्र भरेको मानिने छ ।

०९. **वोलपत्र/**दरभाउपत्रको बीड डकुमेन्ट, स्पेसिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्वन्धि कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन वाधा पर्नेछैन । नेपाल सरकारको प्रचलित नियम कानून र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ । **क्रमश**........

१०. **वोलपत्र/**दरभाउपत्रसम्वन्धि विस्तृत जानकारीकालागि प्रि-बीड मिटिंग २०७३/११/२५ गते दिनको १२:०० वजे यस कार्यालयमा हुनेछ । उक्त मिटिंगमा सम्वन्धित सबै निर्माण व्यवसायीहरु उपस्थित भई आफूले चाहेको जिज्ञासा राख्न सकिनेछ ।

११. एकपटक दर्ता भएको शिलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन । तर बोलपत्रदाताले दर्ता गराएको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्ने अन्तिम मिति वा समय भुक्तान हुनु अगाबै शिलवन्दी गरी फिर्ता वा संशोधन मध्ये के गर्न चाहेको हो, सो स्पष्ट उल्लेख गरिएको लिखित सूचना यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । त्यस्तो सूचनामा दस्तखत गर्ने व्यक्तिको रीत्तपूर्वकको अधिकार पत्र समेत अनिवार्य रुपमा संलग्न रहेको हुनुपर्नेछ ।

१२. रीत्त नपुगी वा म्याद नाघी आएका **वोलपत्र/**दरभाउपत्रहरु उपर कुनै किसिमको कार्यवाही हुनेछैन । **वोलपत्र/**दरभाउपत्र सम्वन्धि अन्य केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

१३. कुनैपनि कारण जनाई वा नजनाई **वोलपत्र/**दरभाउपत्रको सम्पूर्ण वा आंशकि रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । **वोलपत्र/**दरभाउपत्र स्वीकृत भएपछि पनि कार्यालयले आवश्यक ठोस निर्माण कार्यको आइटम पूर्ण वा आंशिक रुपमा थपघट गर्न सकिनेछ ।

१४. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ तथा (स्थानीय निकाय) आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम हुनेछ । यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानून वमोजिम हुनेछ ।

## तपसिल :-

| ठेक्का नं. | निर्माण कार्यको नाम र स्थान | लगत अनुमान रकम रु. (कन्टेन्जेन्सी र भ्याट वाहेक) | धरौटी रकम रु. | वोलपत्र / दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| **०१**-०७३/०७४ | शहिद चौक - मुख्य वजार कालोपत्रे सडक मर्मत कार्य, वडा नं.- १,७ र ८ । | २७,९१,०३०।१३ | ७०,०००।- | ३,०००।- | **वोलपत्र** |
| **०२**-०७३/०७४ | दूर संचार - सिंगराही कालोपत्रे सडक मर्मत कार्य, वडा नं.- ०१ । | १७,७९,९७५।०८ | ४४,५००।- | ३,०००।- | **वोलपत्र** |
| **०३**-०७३/०७४ | भोटियाटोल- वस्तिपुर ग्राभेल सडक मर्मत कार्य, वडा नं.- १२ र १३ । | ५,९४,१२८।४७ | १५,०००।- | १,०००।- | **दरभाउपत्र** |
| **०४**-०७३/०७४ | लक्ष्मीनिया - पडरिया ग्राभेल सडक मर्मत कार्य, वडा नं.- ११ । | २,५६,१८६।३२ | ६,५००।- | १,०००।- | **दरभाउपत्र** |
| **०५**-०७३/०७४ | धनछवार शिवमन्दिर - लक्ष्मीनिया ग्राभेल सडक मर्मत कार्य, वडा नं.- १० । | २,५५,५४०।९९ | ६,५००।- | १,०००।- | **दरभाउपत्र** |
| **०६**-०७३/०७४ | शिवमन्दिर - नयाँवजार  कालोपत्रे सडक मर्मत कार्य, वडा नं.- ०५ । | १४,६४,८४५।०३ | ३७,०००।- | १,०००।- | **दरभाउपत्र** |
| **०७**-०७३/०७४ | चिल्ड्रेन पार्क - लहानगोठ ग्राभेल सडक मर्मत कार्य, वडा नं.- ९ । | ५,०८,८८४।९९ | १३,०००।- | १,०००।- | **दरभाउपत्र** |
| **०८**-०७३/०७४ | मंगलपोखरी - डंग्राहाटोल ग्राभेल सडक मर्मत कार्य, वडा नं.- ०२ । | ४,२३,६४१।३८ | ११,०००।- | १,०००।- | **दरभाउपत्र** |

**लहान नगरपालिका कार्यालय**
**लहान, सिरहा**